आज मिति २०७४।०३।२४ गते शनिबारका दिन लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको ~~दोस्रो~~ चौथो बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

<u>उपस्थित पदाधिकारी तथा महानुभावहरु</u>

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, सदस्य सचिव, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

**बैठक नं. ४**

लिखु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट
नुवाकोट जिल्ला, ३ नं. प्रदेश नेपाल

## लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको चौंथो बैठकमा प्रस्तुत

## प्रस्ताव

### १. विषयको संक्षिप्त व्यहोराः

स्थानीय तहको निर्वाचन र गाउँ कार्यपालिकाको निर्वाचन सम्पन्न भई निर्वाचित पदाधिकारीहरुले पदभार समेत ग्रहण गरिसकेको अवस्थामा लिखु गाउँपालिकाको गाउँ कार्यपालिकाले पनि १४ सदस्य सहित पुर्णता पाई सकेको र यस अघि तिन वटा बैठक समेत सम्पन्न भईसकेका छन । यस सन्दर्भमा हालसम्म पनि स्थानीय तह संचालन सम्बन्धी ऐन संघीय संसदबाट पास भई आई नसकेको र स्थानीय तहले समेत कार्यविभाजन, कार्यसम्पादन एवं बैठक सञ्चालन सम्बन्धमा कुनै कानुनी व्यवस्था भई सकेको छैन । नेपालको संविधानको धारा २१८ बमोजिम गाउँपालिकाको कार्यपालिकाले कार्य विभाजन नियमावली र कार्य सम्पादन नियमावली बनाई कार्यान्वयन गर्न सक्ने अधिकार प्रदान गरेकोले सोही अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यलाई व्यवस्थित गर्न लिखु गाउँपालिकाको कार्य विभाजन नियमावली र कार्यसम्पादन नियमावली स्वीकृत गरी लागू गर्नुपर्ने देखिन्छ ।

### २. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः-

नेपालको संविधानले गाउँ कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली गाउँ कार्यपालिकाले नै स्वीकृत गरी लागु गर्न सक्ने अधिकार दिएको हुँदा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गाउँ कार्यपालिकाको (कार्य विभाजन) नियमावली, गाउँ कार्यपालिकाको (कार्यसम्पादन) नियमावली र गाउँ कार्यपालिकाको बैठक सञ्चालन कार्यविधिको नमूना समेत उपलब्ध गराई सकेको छ ।

### ३. निणर्यका आधार र कानूनी व्यवस्था

नेपालको संविधानको धारा २१८ मा गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्यसम्पादन हुने संवैधानिक व्यवस्था अनुरुप गाउँ कार्यपालिकाको कार्य विभाजन नियमावली र कार्यसम्पादन नियमावली स्वीकृत गर्ने र कार्यसम्पादन नियमावलीले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि तर्जुमा गर्न मनासिव देखिन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा

१. यस लिखु गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४, र लिखु गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ स्वीकृत गर्ने ।

२. लिखु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

३. लिखु गाउँपालिका गाउँ कार्यपालिका, गाउँसभा लगायतका निर्णयहरु, कानूनी प्रकाशन र कार्यालयबाट कानून बमोजिम प्रकाशन गर्नुपर्ने सरकारी सूचनाहरु प्रकाशन गर्ने प्रयोजनको लागि लिखु गजेट प्रकाशन गर्ने सम्बन्धी व्यवस्था मिलाउने ।

<u>*निर्णय १*</u>

*उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत पारित गर्ने ।*

(सृजना वाग्दास)
सदस्य

(लक्ष्मी राई)
सदस्य

(शान्ति राई)
सदस्य

(इन्दिरा लोहनी)
सदस्य

(इन्द्र बहादुर घर्ती)
सदस्य

(विष्णु घले)
सदस्य

(नरहरी पाण्डे)
वडा अध्यक्ष

(भीम बहादुर घले)
वडा अध्यक्ष

(भोला प्रसाद सेढाई)
वडा अध्यक्ष

(दल बहादुर राई)
वडा अध्यक्ष

(रामकृष्ण श्रेष्ठ)
वडा अध्यक्ष

(हरिशरण लामिछाने)
वडा अध्यक्ष

(रोजिना राई)
उपाध्यक्ष

(ध्रुब श्रेष्ठ)
अध्यक्ष